नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..................................................शाखा)

प.सं. :
च.नं. :

सिंहदरबार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट मिति २०७९/११/२५ मा "बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक" संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान भएको हुँदा यस मन्त्रालयले आज मिति २०७९/११/२५ गते संघीय संसदको प्रतिनिधिसभामा पेश गर्ने प्रयोजनको लागि उक्त विधेयक संघीय संसद् सचिवालयमा दर्ता गरेको छ।

नेपालको अन्तरिम संविधान, २०६३, विस्तृत शान्ति सम्झौता, नेपालको संविधान, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्वान्त, सङ्क्रमणकालीन न्यायका मान्य सिद्वान्त अनुकूल हुने गरी यस मन्त्रालयले विभिन्न समयमा द्वन्द्वपीडित, सरोकारवाला र नागरिक समाजसँग गरेको परामर्शबाट प्राप्त पृष्ठपोषण समेतको आधारमा तयार गरिएको उक्त विधेयकले ऐनको रूपमा जारी भएको मितिले दुई वर्षभित्र सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित बाँकी काम सम्पन्न गरी शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउने उद्देश्य राखेको छ।

मितिः २०७९/११/२५

(सुशील कोइराला)
सहसचिव

फोनः ०१-४२००२२५, ४२११९७४, ४२११९८७, फ्याक्स नं.: ०१-४२११६८४, इमेलः infolaw@moljpa.gov.np